राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ३० २०८३ भदौ २ गते मंगलवार (18 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## बिमाबाट ३५ हजारले सेवा लिए

दैनिक समाचारदाता

राजविराज, १ भदौ । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रममार्फत एक वर्षमा ३५ हजार ८६२ जनाले स्वास्थ्य सेवा लिएका छन्। अस्पतालले स्वास्थ्य बिमासँगै सामाजिक सेवा इकाइमार्फत विपन्न तथा लक्षित वर्गलाई सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. वीरेन्द्रकुमार मण्डलका अनुसार आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत ३५ हजार ८६२ जनाले सेवा लिएका हुन्। स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा रहेकाले उपचारका लागि आउने सर्वसाधारणको आर्थिक भार कम गर्न सहयोग पुगेको उहाँले बताउनुभयो।

अस्पतालका सामाजिक सेवा इकाइ प्रमुख सूर्यकान्त झाले स्वास्थ्य बिमासँगै सामाजिक सेवा इकाइमार्फत विपन्न तथा लक्षित वर्गका नागरिकलाई सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो। अस्पतालमा सुलभ फार्मेसी सेवासमेत सञ्चालनमा रहेको उहाँले बताउनुभयो।

अस्पतालले आर्थिक वर्ष २०८२/८३ मा बहिरङ्ग (ओपीडी) सेवाबाट ६९ हजार ९२७, आकस्मिक सेवाबाट ११ हजार ६०० तथा अन्तरङ्ग (इन्डोर) सेवाबाट चार हजार २८२ जनालाई सेवा दिएको छ। यस अवधिमा अस्पतालबाट सेवा लिने बिरामीको कुल सङ्ख्या ८५ हजार ८०९ पुगेको अस्पतालले जनाएको छ।

अस्पतालमा मेडिसिन, बालरोग, अर्थोपेडिक, स्त्री तथा प्रसूति, सर्जरी, दन्त, छाला, नाक-कान-घाँटी, फिजियोथेरापी तथा नेत्ररोगसम्बन्धी सेवा सञ्चालनमा रहेको प्रमुख मण्डलले बताउनुभयो।

बाँकी पृष्ठ ४मा

## साक्षर समाज-सक्षम राष्ट्र

- अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ,
- साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

*शिक्षा:*

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि.
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# चापाकल खरिदमा भ्रष्टाचार मुद्दा



दैनिक समाचारदाता

महोत्तरी, १ भदौ । महोत्तरीको औरही नगरपालिकामा चापाकल तथा ह्याण्डपम्प खरिद र वितरणमा अनियमितता गरेको आरोपमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित ६ जना कर्मचारी तथा विभिन्न आपूर्तिकर्ता र सञ्चालकविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाले ह्याण्डपम्प तथा ट्युबवेल (चापाकल) खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत प्रक्रिया अपनाएको अनुसन्धानबाट खुलेको हो।

अनुसन्धानका क्रममा मालसामानको लागत अनुमान तयार गर्दा 'कन्ट्र्याक्टर्स ओभरहेड'का नाममा आइटमको दररेटमा १५ प्रतिशत रकम थपिएको, एउटै प्रकृतिका सामान विभिन्न खरिद विधिबाट पटकपटक खरिद गरी 'प्रोक्योरमेन्ट स्प्लिटिङ' गरिएको तथा खरिद प्रक्रियामा प्रतिस्पर्धा सीमित पारिएको आयोगले जनाएको छ।

आयोगका अनुसार आपूर्तिकर्तासँग मिलेमतो गरी बोलपत्रमार्फत खरिद गर्नुपर्ने सामान सिलबन्दी दरभाउपत्र तथा सोझै खरिद गरिएको थियो। यसबाट स्थानीय तह तथा नेपाल सरकारलाई हानिनोक्सानी पुगेको आयोगको दाबी छ।

त्यस्तै, खरिद गरिएका ह्याण्डपम्पलगायत सामानको दोहोरो भरपाई तयार गरिएको तथा वितरण गरिएको भनिएका सामान बुझिलिएको प्रमाणसमेत विश्वसनीय रूपमा पेस गर्न नसकिएको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ।

आयोगले यस प्रकरणमा औरही नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत निलाम्बर मिश्र मैथिलीविरुद्ध ३६ लाख १३ हजार ३१ रुपैयाँ बिगो मागदाबी गरेको छ। तत्कालीन इन्जिनियर सन्तोषकुमार यादव र सब-इन्जिनियर बिपिनकुमार मण्डलविरुद्ध जनही २० लाख ४९ हजार ४५० रुपैयाँ बिगो कायम गरिएको छ। त्यसैगरी, तत्कालीन लेखापाल विजयकुमार यादव र योजना शाखा प्रमुख गंगाराम यादवविरुद्ध जनही ३६ लाख १३ हजार ३१ रुपैयाँ तथा तत्कालीन जिन्सी शाखा प्रमुख शिवशंकर यादवविरुद्ध १५ लाख ६३ हजार ५८१ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आपूर्तिकर्तातर्फ लिला आयरन स्टोर्स, औरही-१ र सञ्चालक बिनयकुमार यादवविरुद्ध ५ लाख ३४ हजार ८७६ रुपैयाँ ८१ पैसा तथा डी.एम. जेनरल अर्डर सप्लायर्स, जलेश्वर-३ र सञ्चालक दुधनाथ कुमरविरुद्ध ११ लाख ८९ हजार ४७१ रुपैयाँ ३६ पैसा बिगो मागदाबी गरिएको छ।

त्यस्तै, श्रीराम इन्टरप्राइजेज, जलेश्वर-३ र सञ्चालक अमरनाथ कुमरविरुद्ध २ लाख २० हजार १९७ रुपैयाँ ३६ पैसा, जैसवाल निर्माण सेवा (सिर्जना ट्रेडर्स), औरही-१ र सञ्चालक रामबाबु चौधरीविरुद्ध ७ लाख ९ हजार ६२३ रुपैयाँ ९२ पैसा तथा क्वालिटी सोलुसन कम्पनी प्रालि., बागडोल-४, ललितपुर र त्यसका प्रबन्ध निर्देशक मनोजकुमार यादवविरुद्ध ७ लाख ११ हजार ९०० रुपैयाँ बिगो कायम गरिएको छ। आयोगले सरकारी कर्मचारी तथा अन्य मुख्य प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको तथा आपूर्तिकर्ताहरूले उक्त कसुरमा मतियारका रूपमा सहयोग गरेको भन्दै दफा २२ बमोजिम पनि सजायको मागदाबी गरेको जनाएको छ। आपूर्तिकर्ता फर्महरूको हकमा ऐनको दफा २३क बमोजिमसमेत सजाय माग गरिएको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार अनुसन्धानबाट कसुर भएको निष्कर्षमा पुगिएपछि प्रतिवादीहरूबाट बिगो असुल, बिगोबमोजिम जरिवाना तथा कानुनबमोजिम कैद सजायको मागदाबी गर्दै विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो।

अब प्रतिवादीहरूको बयान, प्रमाण परीक्षण तथा दुवै पक्षको बहसपछि विशेष अदालतले उनीहरूलाई दोषी वा निर्दोष ठहर गर्नेछ।

## रिफाइनरीविरुद्ध ठगी मुद्दा

दैनिक समाचारदाता

जनकपुरधाम, ०१ भदौ । भुस खरिदबापतको करिब ५० लाख रुपैयाँ भुक्तानी नगरेको आरोपमा जनकपुर रिफाइनरीसँग सम्बन्धित चारजनाविरुद्ध ठगी तथा विश्वासघातसम्बन्धी मुद्दा दर्ता भएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय धनुषाले साउन २० गते जनकपुर रिफाइनरीका सञ्चालकसहित चारजनाविरुद्ध मुद्दा दर्ता गरेपछि जिल्ला अदालत धनुषाले उनीहरूलाई पक्राउ गर्न अनुमति दिएको हो।

पक्राउ पुर्जी जारी हुनेमा जनकपुर रिफाइनरीकी सञ्चालक ३५ वर्षीया रइसा टिवडेवाल, उनका ४० वर्षीय पति तथा कम्पनीका प्रबन्धक विनित अग्रवाल, सञ्चालकका दाइ ४५ वर्षीय रोमिल टिवडेवाल तथा कम्पनीका पर्चेज डाइरेक्टर ३५ वर्षीय मुन्नाकुमार सिंह (राकेश) रहेका छन्।


धनुषा प्रहरीले चारैजनाविरुद्ध पक्राउ पुर्जी जारी भइसकेको पुष्टि गर्दै उनीहरूको खोजी भइरहेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी मधुसूदन न्यौपानेले फरार रहेका चारैजनाको खोजी भइरहेको जानकारी दिनुभयो।

*४९ लाख ५० हजार रुपैयाँ बक्यौता*


भुस आपूर्तिबापतको रकम भुक्तानी नभएको विषय यसअघि नै

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# बक्यौताको अर्बौं भार

नेपाल विद्युत् प्राधिकरणको सिमरा वितरण केन्द्रअन्तर्गत उठाउन बाँकी विद्युत् महसुल ७ अर्ब ८१ करोड रुपैयाँभन्दा बढी पुग्नु सामान्य प्रशासनिक कमजोरीको विषय मात्र होइन, सार्वजनिक संस्थाको राजस्व व्यवस्थापन र कानुनी कार्यान्वयनमाथिको गम्भीर प्रश्न पनि हो। अझ चिन्ताको विषय के छ भने कुल बक्यौतामध्ये करिब ७ अर्ब २१ करोड रुपैयाँ केवल चार ठूला उद्योगबाट उठ्न बाँकी छ । अर्थात्, सानो संख्याका ठूला ग्राहकको बक्यौताले सम्पूर्ण वितरण केन्द्रको वित्तीय अनुशासन र कार्यसम्पादनमा असर पारिरहेको छ ।

जगदम्बा स्टिल, हुलास स्टिल, अशोक स्टिल र हामा आइरनजस्ता ठूला उद्योगले डेडिकेटेड तथा ट्रङ्क लाइनको महसुल नियमित रूपमा नतिर्दा त्यसको असर अन्ततः नेपाल विद्युत् प्राधिकरणको आम्दानीमा मात्र सीमित हुँदैन। विद्युत् उत्पादन, प्रसारण तथा वितरण प्रणालीको विस्तारका लागि आवश्यक लगानी, सेवा सुधार र नयाँ पूर्वाधार निर्माणमा समेत त्यसले प्रत्यक्ष प्रभाव पार्छ । सर्वसाधारण उपभोक्ताले समयमै महसुल नबुझाउँदा लाइन काटिने व्यवस्था हुने, तर अर्बौं रुपैयाँ बक्यौता रहेका ठूला ग्राहकको हकमा असुली प्रक्रिया वर्षौंसम्म लम्बिनु समान व्यवहार र वित्तीय अनुशासनको दृष्टिले स्वीकार्य हुन सक्दैन ।

यस विषयमा विगतदेखि नै डेडिकेटेड तथा ट्रङ्क लाइनको महसुल विवाद, बिलिङ प्रक्रिया र उद्योगीको असहमति जोडिँदै आएका छन्। त्यसैले वास्तविक विवाद र कानुनी प्रक्रियालाई निष्पक्ष ढङ्गले समाधान गर्नुपर्छ। तर विवादको नाममा अर्बौं रुपैयाँको दायित्व अनिश्चितकालसम्म थाती राख्नु पनि समाधान होइन। जहाँ प्रमाण, सम्झौता, मिटरिङ तथा उपभोगको स्पष्ट आधार छ, त्यहाँ कानुनअनुसार महसुल असुली हुनुपर्छ। यदि बिलिङ वा प्रशासनिक त्रुटि छ भने त्यसको पनि पारदर्शी छानबिन गरी उचित निर्णय गर्नुपर्छ ।

सिमरा वितरण केन्द्रको अर्को पक्ष भने उत्साहजनक छ। विद्युत् बिक्री र राजस्व दुवैमा उल्लेख्य वृद्धि भएको छ । औद्योगिक तथा सेवा क्षेत्रमा विद्युत् खपत बढ्दै जानु अर्थतन्त्र विस्तारको सकारात्मक सङ्केत हो। विद्युत् चुहावटलाई २.०६ प्रतिशतमा सीमित गर्नु पनि वितरण केन्द्रको उल्लेखनीय उपलब्धि हो । तर एकातिर बिक्री बढ्ने र अर्कोतिर उठाउनुपर्ने रकम अर्बौं रुपैयाँ थुप्रिँदै जाने अवस्था दीर्घकालीन रूपमा स्वस्थ वित्तीय व्यवस्थापनको उदाहरण बन्न सक्दैन ।

मिटर अभावका कारण नयाँ ग्राहकलाई सेवा दिन नसकिएको तथ्य पनि उत्तिकै गम्भीर छ । करिब दुई हजारभन्दा बढी नयाँ ग्राहक थपिन सक्ने अवस्थामा ८८० जनामै सीमित हुनु व्यवस्थापन तथा आपूर्ति योजनामा देखिएको कमजोरी हो । विद्युत् खपत बढिरहेको र औद्योगिक क्षेत्र विस्तार भइरहेका बेला आवश्यक मिटर तथा वितरण पूर्वाधारको समयमै व्यवस्थापन गर्न नसक्नु अवसर गुमाउनु हो ।

सिमरा वितरण केन्द्रले लाइन काटेर ११ करोड ६० लाख रुपैयाँ बक्यौता असुल गरेको तथ्यले असुलीका लागि कडाइ गर्न सकिने देखाउँछ। अब यही दृढता ठूला बक्यौतादारप्रति पनि देखिनुपर्छ । साना उपभोक्तामाथि मात्र कडा र ठूला उद्योगका हकमा उदार हुने दोहोरो मापदण्डले सार्वजनिक संस्थाप्रतिको विश्वास कमजोर बनाउँछ ।

बारा-पर्सा औद्योगिक करिडोर देशको महत्वपूर्ण आर्थिक क्षेत्र हो । यहाँ उद्योग सञ्चालनका लागि भरपर्दो विद्युत् आपूर्ति अपरिहार्य छ। त्यसैले उद्योगलाई समस्या सिर्जना गर्नेभन्दा पनि स्पष्ट नीति, पारदर्शी बिलिङ, न्यायोचित महसुल निर्धारण र कानुनसम्मत असुलीको प्रणाली आवश्यक छ। उद्योगी र प्राधिकरणबीचको विवाद समाधान गर्दै राज्यले आफ्नो वैधानिक राजस्व पनि सुनिश्चित गर्नुपर्छ ।

अर्बौं रुपैयाँ बक्यौता थुप्रिन दिनु र त्यसलाई वर्षौंसम्म अनिर्णयको अवस्थामा राख्नु कसैको हितमा छैन। अब नेपाल विद्युत् प्राधिकरणले विवादित विषयलाई स्पष्ट कानुनी तथा प्रशासनिक प्रक्रियाबाट टुंग्याउँदै उठ्नुपर्ने रकम असुल गर्न दृढ कदम चाल्नुपर्छ। विद्युत् सेवा सार्वजनिक सम्पत्ति हो र यसको महसुल तिर्नु सबै उपभोक्ताको दायित्व हो–चाहे त्यो सामान्य घरायसी उपभोक्ता होस् वा देशका ठूला उद्योग। वित्तीय अनुशासनमा समानता कायम भए मात्र विद्युत् क्षेत्रको दिगो विकास सम्भव हुनेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# के नेपाल सफ्ट अधिनायकतर्फ बढ्दैछ ?



डा. अजय साह

शीतयुद्धको समाप्तीपछि विश्वमा लोकतन्त्रको विजय सुनिश्चित भएको विश्वास व्यापक थियो । उदार लोकतन्त्र नै मानव राजनीतिक विकासको अन्तिम गन्तव्य हो भन्ने धारणा बलियो बन्दै गएको थियो । तर पछिल्ला दुई दशकमा विश्व राजनीतिले फरक दिशा समातेको छ । आज लोकतन्त्रमाथिको सबैभन्दा ठूलो चुनौती सैनिक 'कू', प्रत्यक्ष तानाशाही वा संविधान निलम्बनबाट मात्र उत्पन्न भएको छैन ।

बरु लोकतान्त्रिक निर्वाचनमार्फत सत्तामा पुगेका नेताहरूले नै लोकतन्त्रका आधारभूत संस्थालाई क्रमशः कमजोर बनाउँदै लगेका उदाहरणहरू बढिरहेका छन् । राजनीति विज्ञानमा यसलाई 'लोकतन्त्रको क्षयीकरण', 'लोकतान्त्रिक अवनति' वा 'नरम अधिनायकवाद' भनि व्याख्या गरिन्छ ।

यस प्रकारको शासनमा नियमित निर्वाचन हुन्छ । संसद् चलिरहेको हुन्छ । अदालत अस्तित्वमै रहन्छन् र संविधान पनि औपचारिक रूपमा कायमै हुन्छ । तर यिनको स्वतन्त्रता, निष्पक्षता र प्रभावकारिता विस्तारै क्षीण हुँदै जान्छ । लोकतन्त्रको बाहिरी संरचना बाँकी रहन्छ, तर त्यसको आत्मा कमजोर बन्छ । यसैकारणले आजको अधिनायकवाद परम्परागत तानाशाहीभन्दा बढी जटिल र खतरनाक मानिन्छ ।

हार्वर्ड विश्वविद्यालयका प्राध्यापक स्टीवन लेवित्स्की र डेनियल जिब्ल्याटले आफ्नो चर्चित पुस्तक 'हाउ डेमोक्रेसी डाई'मा तर्क गरेका छन् कि आधुनिक लोकतन्त्रहरू प्रायः सैनिक हस्तक्षेपबाट होइन, निर्वाचित नेताहरूको व्यवहारबाट कमजोर हुन्छन् । उनीहरूका अनुसार लोकतन्त्र एकैपटक ढल्दैन; बरु साना-साना संस्थागत परिवर्तन, कानुनी संशोधन र राजनीतिक संस्कृतिमा आएको गिरावटका कारण क्रमशः क्षयीकरण हुँदै जान्छ । यही कारणले लोकतन्त्रको मृत्यु धेरैजसो अवस्थामा नाटकीय होइन, क्रमिक हुन्छ ।

उनीहरूले लोकतन्त्रलाई जोगाइराख्ने दुई आधारभूत राजनीतिक मान्यता उल्लेख गरेका छन् । पहिलो, पारस्परिक वैधताको स्वीकार अर्थात् राजनीतिक प्रतिस्पर्धीलाई शत्रु नभई वैध प्रतिद्वन्द्वीका रूपमा स्वीकार गर्ने संस्कार । दोस्रो, संस्थागत संयम अर्थात् संविधानले दिएको अधिकारलाई अधिकतम प्रयोग गरेर विपक्षीलाई समाप्त गर्ने होइन, लोकतान्त्रिक मर्यादाभित्र रहेर प्रयोग गर्ने राजनीतिक संस्कार । यी दुई मान्यता कमजोर बन्दा लोकतन्त्र कानुनी रूपमा जीवित रहे पनि व्यवहारमा अधिनायकवादतर्फ उन्मुख हुन सक्छ ।

यसै सन्दर्भमा राजनीतिक वैज्ञानिक नान्सी बर्मेयोले आफ्नो प्रभावशाली अनुसन्धान 'अन डेमोक्रेटिक व्याकस्लाइडिङ' मा आधुनिक अधिनायकवादको स्वरूप परिवर्तन भएको बताएकी छन् । उनका अनुसार आजका अधिकांश लोकतन्त्र सैनिक 'कू'बाट समाप्त भएका छैनन्, बरु निर्वाचित सरकारले संविधान र कानुनकै आडमा लोकतान्त्रिक संस्थाको प्रभावकारिता घटाउने प्रक्रियाबाट कमजोर भएका छन् ।

उनी यसलाई एक्जेक्युटिभ एग्रान्डाइजेमेन्ट अर्थात् कार्यकारी शक्तिको क्रमिक विस्तार भन्छिन् । यसमा सरकारले कानुनी प्रक्रियालाई नै प्रयोग गरेर सत्ता आफ्नो पक्षमा केन्द्रित गर्छ । जर्मन राजनीतिक चिन्तक जेन-वेर्नर मुलरले आफ्नो पुस्तक ह्वाट इज 'ह्वाट इज पपुलिजम' मा लोकप्रियतावादी राजनीतिलाई लोकतन्त्रका लागि जटिल चुनौतीका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार लोकप्रियतावादी नेताहरूले आफूलाई मात्र 'वास्तविक जनता' को प्रतिनिधि ठान्छन् र फरक विचार राख्ने नागरिकलाई राष्ट्रको वास्तविक हिस्सा मान्न अस्वीकार गर्छन् ।

यसले बहुलवादलाई कमजोर बनाउँछ । लोकतन्त्र भनेको फरक मत, बहस र विविधताको सहअस्तित्व हो । यदि एउटा समूहले आफूलाई मात्र राष्ट्रको प्रतिनिधि घोषणा गर्न थाल्यो भने लोकतान्त्रिक संस्कृतिमा गम्भीर संकट उत्पन्न हुन्छ ।

यही विषयलाई याशा माउङ्कले 'द पीपुल्स भर्सेस डेमोक्रेसी' मा अझ फराकिलो दृष्टिकोणबाट विश्लेषण गरेका छन् । उनका अनुसार विश्वका धेरै मुलुकमा लोकतान्त्रिक निर्वाचन कायम रहे पनि उदार लोकतन्त्रका आधारभूत मूल्य-अल्पसंख्यकको संरक्षण, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता र नागरिक अधिकार- कमजोर बन्दै गएका छन् । उनले यस अवस्थालाई 'इलिबरल डेमोक्रेसी' अर्थात् निर्वाचन त हुने तर उदार लोकतान्त्रिक मूल्य कमजोर भएको शासन व्यवस्था भनेका छन् ।

सफ्ट अधिनायकवाद भन्नाले त्यस्तो शासन प्रणाली बुझिन्छ, जहाँ नेताहरू चुनावबाट वैधानिक रूपमा सत्तामा आउँछन् तर त्यसपछि बिस्तारै लोकतान्त्रिक संस्थाहरूलाई कमजोर पार्दै लैजान्छन् । यसमा शक्ति कब्जा गर्न सैन्य 'कू' जस्ता हिंस्रक उपाय नअपनाई, कानून र संस्थाहरूको दुरुपयोग गरी भित्रभित्रै लोकतन्त्रलाई खोक्रो बनाइन्छ ।

अहिले विश्वव्यापी राजनीतिक प्रवृत्ति दुई धारमा बाँडिएको देखिन्छ । एकातर्फ सामाजिक आन्दोलनहरू र युवापुस्ता लोकतन्त्र सुदृढ बनाउन प्रयासरत छन् भने अर्कोतर्फ दक्षिणपन्थी लोकप्रियतावाद र नरम अधिनायकवादको फैलावटले लोकतन्त्रमा चुनौती थपिरहेको छ ।

रम अधिनायकवाद परम्परागत अधिनायकवादभन्दा फरक प्रकारको हुन्छ । यसलाई शुरूमा सजिलै पत्ता लगाउन सकिँदैन । यहाँ कुनै सैनिक 'कू' हुँदैन, सडकमा ट्यांक देखिँदैन र प्रत्यक्ष रूपमा शक्ति कब्जा गरिँदैन । यी नेताहरू चुनावमार्फत सत्तामा आएका हुन्छन् तर सत्तामा पुग्दा लोकतान्त्रिक संस्थाहरूलाई क्रमशः कमजोर पार्छन् । संसद् मार्फत कानून परिवर्तन, न्यायालय र संवैधानिक निकायहरूमा हस्तक्षेप गरेर लोकतन्त्र भित्रैबाट खोक्रो बनाइन्छ ।

यसलाई 'सफ्ट अधिनायकवाद' भनिन्छ । यस प्रक्रियामा परिवर्तनहरू प्रत्यक्ष रूपमा दमनकारी नदेखिए पनि दीर्घकालीन रूपमा लोकतान्त्रिक संस्थाहरू कमजोर हुँदै जान्छन् ।

अधिनायकवादी नेताहरूले लोकतन्त्रलाई क्रमिक रूपमा भित्रैबाट कमजोर बनाउँछन् । शुरूमा न्यायालय र संवैधानिक अदालतलाई नियन्त्रणमा लिन्छन् । त्यसपछि संविधान र निर्वाचन सम्बन्धी कानून संशोधन गरेर आफ्नो बहुमतलाई दीर्घकालीन बनाउने प्रयास गर्छन् । अमेरिकामा हुने 'जेरिमेन्डरिङ' जस्तै निर्वाचन क्षेत्रको सीमांकनमा कुनै विशेष दलको पक्ष सुनिश्चित हुने गरी कानूनहरू ल्याउने काम हुन्छ ।

त्यसपछि मीडियामा दबाब पार्छन । कानूनी दण्ड, जरिवाना वा डरको वातावरण सिर्जना गरेर स्वतन्त्र पत्रकारिता कमजोर बनाइन्छ । सञ्चारमाध्यमहरुलाई आर्थिक नाकाबन्दी लगाइन्छ । नागरिक समाज र गैरसरकारी संस्थाहरूलाई पनि निशाना बनाइन्छ । लाञ्छना, आरोप/प्रत्यारोप गर्दै 'विदेशी एजेन्ट' नियन्त्रणको नाममा कानून बनाएर तिनको विश्वसनीयता घटाउने र दण्डित गर्ने प्रयास गर्छन् । विश्वविद्यालयहरू नियन्त्रण गरिन्छ ।

यसमा दुई मुख्य तरीका अपनाइन्छ । पहिलो, संस्थाभित्र आफ्ना नजिकका मानिसहरू नियुक्त गरिन्छन् । दोस्रो, संस्थाहरूलाई यस्तो रूपमा प्रयोग गरिन्छ कि तिनको मूल उद्देश्य नै हराउँछ ।

यी सबै प्रक्रियाले लोकतान्त्रिक संस्थाहरूलाई पूर्ण रूपमा समाप्त गर्दैनन् । संरचना जीवित रहिरहन्छ तर भित्रैबाट खोक्रो बनाउँदै संस्थाको उद्देश्य मार्ने काम हुन्छ । न्यायालय, प्रहरी, विश्वविद्यालय जस्ता क्षेत्रहरू बाहिरी रूपमा जिउँदै देखिन्छन् तर लोकतान्त्रिक आत्मा हराइसकेको हुन्छ ।

यसका लागि विभिन्न प्रकारका भाष्य प्रयोग गरिन्छ । सबैभन्दा प्रभावकारी भाष्य भनेको 'राष्ट्रिय सुरक्षा' हो । प्रायः नागरिकहरूको प्रतिरोध, विरोध वा प्रदर्शनलाई राष्ट्रिय सुरक्षामाथिको खतरा भनेर प्रस्तुत गरिन्छ । कतिपय सन्दर्भमा प्रदर्शनकारीलाई 'घरेलु आतंककारी' पनि भनिन्छ । यसरी असहमति वा आलोचनालाई सुरक्षा समस्याका रूपमा चित्रण गरेर कडा दक्षिणपन्थी नरम अधिनायकवादीहरू आफूले चालेको कदमलाई पुष्टि गर्ने प्रयास गर्छन् ।

अर्को महत्त्वपूर्ण रणनीति भनेको मतदाता आधारलाई संगठित गर्नु हो । दक्षिणपन्थी लोकप्रियतावादी राजनीति प्रायः बहुसंख्यक समूहको पहिचानलाई केन्द्रमा राखेर अघि बढ्छ । उनीहरूले देश 'केही विशेष समूहको मात्र हो' भन्ने सन्देश दिन्छन् । यसले मतदातामा असन्तोष र रिसको भावना उत्पन्न गर्छ । तिनलाई भनिन्छ, देश तपाईंको हो, तर स्रोत-साधन र अवसरहरू अरूले खोसिरहेका छन् । यसरी समाजमा ध्रुवीकरण बढाउन अल्पसंख्यक, आप्रवासी वा शरणार्थीलाई बलिको बोकाको रूपमा प्रयोग गरिन्छ ।

यसले डर, आक्रोश र असुरक्षाको भावना राजनीतिक रूपमा परिचालन गर्न मद्दत गर्छ । राष्ट्रिय सुरक्षा, बहुसंख्यक पहिचान र नागरिकहरूको असन्तुष्टिको भाष्य प्रयोग गरेर लोकतान्त्रिक संस्थामाथि हस्तक्षेप गर्ने कार्यलाई वैध र आवश्यक कदमका रूपमा प्रस्तुत गरिन्छ ।

प्रारम्भिक चरणमा यसको प्रवृत्ति निकै नरम र रिझाउने खालको हुने भएकाले सहजै महसूस हुँदैन । यो अत्यन्त खतरनाक चरण हो । परिवर्तनहरू प्रायः क्रमिक र विस्तृत तर व्यवस्थित ढंगले लागू गरिन्छ । लामो कानूनी पाठ, विधेयक वा संवैधानिक संशोधन सामान्य नागरिकले प्रायः ध्यान दिएर पढ्दैनन् । त्यस्ता परिवर्तनहरू प्राविधिक र जटिल भाषामा प्रस्तुत गरिने भएकाले वास्तविक प्रभाव तुरुन्तै बुझ्न सकिँदैन ।

यी नेताहरू शुरूमा सकारात्मक आशा र पहिचानको भावना देखाउँदै आउँछन् । उनीहरू भन्छन्, 'हामी विगतका अन्याय सच्याउन आएका हौं, तपाईंका अधिकार अब सुरक्षित हुनेछन् । देश तपाईंको हो, तपाईं यसको वास्तविक मालिक हुनुहुन्छ ।' यस्तो भाषणले शुरूशुरूमा जनता निकै आकर्षित हुन्छन् ।

तर, यही सकारात्मक पहिचान विभाजन र ध्रुवीकरणसँग जोडिन्छ । 'देश केवल केही समूहको मात्र हो' भन्ने धारणा फैलाइन्छ। उनिहरु बाहेक अरूलाई बाहिरी वा दोस्रो दर्जाको नागरिक जस्तो देखाइन्छ । यसरी बहुसंख्यकहरूबिच असन्तोष, रिस र 'हाम्रो अधिकार खोसियो' भन्ने भावना उत्पन्न गराउने काम हुन्छ ।

यस्ता नेताहरू आफूलाई व्यक्तिगत रूपमा 'रक्षक' वा 'उद्धारकर्ता'का रूपमा प्रस्तुत गर्छन् । जनता प्रारम्भमा भावनात्मक अपीलमा आकर्षित हुन्छ । तर, यस प्रक्रियाले धेरै पछि मात्र लोकतान्त्रिक संस्थाहरू कमजोर भइरहेको र यसको वास्तविक असर ठूलो भएको महसूस गराउँछ ।

आकर्षक र भावनात्मक अपीलमा आधारित हुँदै नरम अधिनायकवाद विस्तार हुन्छ । शुरूमा खतरा महसूस गर्न मुश्किल पर्छ तर समयसँगै लोकतन्त्रमाथि गहिरो असर पार्छ । लोकप्रियतावादी राजनीति प्रायः बहिष्करणमा आधारित हुन्छ । जहाँ देश केही सीमित समूहको मात्र हो र अरूलाई बाहिर राख्नुपर्छ भन्ने धारणा फैलाइन्छ ।

लोकप्रियतामा विश्वास गर्ने अधिनायकवादी नेताहरू आफूलाई 'म नै जनता हुँ' भन्ने शैलीमा प्रस्तुत गरेर व्यक्तिकेन्द्रित सत्ता निर्माण गर्छन् ।

यी नेताहरू आफूलाई एक्लो समाधानकर्ता, हरेक समस्याको उत्तर दिने 'हिरो'का रूपमा प्रस्तुत गर्छन् । उनीहरू आफूलाई असाधारण व्यक्तित्वका रूपमा प्रस्तुत गर्छन् । मानौं, सम्पूर्ण समस्याको समाधान उनीहरू आफैंले मात्रै गर्न सक्छन् । जनताले पनि एकै व्यक्तिमा सबै आशा राख्न थाल्छन् । यही 'हिरोइजम्' (नायकत्व) नै अधिनायकवादी नेताहरूको महत्त्वपूर्ण विशेषता हो । यसले संस्थागत प्रक्रियाभन्दा व्यक्तिकेन्द्रित नेतृत्वलाई प्राथमिकता दिन्छ । लोकतान्त्रिक संस्थाहरूको आवश्यकतालाई बेवास्ता गर्छ ।

व्यक्तिको करिश्मा र शक्तिमा राजनीति केन्द्रित हुने बित्तिकै लोकतान्त्रिक संस्थाहरू, सामूहिक निर्णय प्रक्रिया र निगरानी गर्ने निकाय कमजोर बन्दै जान्छन् । यही व्यक्तिकेन्द्रित 'हिरो' छवि नरम अधिनायकवादको एउटा प्रमुख चिह्न हो ।

प्रविधि तटस्थ हुन्छ । तर, यसको प्रभाव प्रयोगमा निर्भर गर्छ । सामाजिक सञ्जालले एकातिर विद्यार्थी र युवाका आन्दोलनलाई संगठित गर्न, छिटोछिटो सूचना आदान-प्रदान गर्न र जनसमर्थन जुटाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कतिपय देशमा सामाजिक सञ्जालमाथि प्रतिबन्धको विरोधमै विद्रोह भएका छन् । अर्कोतिर, यही माध्यमबाट गलत सूचना ( डिसइन्फर्मेशन) सहित घृणालाई तीव्र र व्यापक रूपमा फैलाउने गरिन्छ ।

अल्गोरिदमको 'इको चेम्बर'मा डर, आक्रोश र घृणाको नकारात्मक भावनालाई फैलाउन सक्दो प्रयास गर्छन । यसरी प्रयोगकर्तालाई लामो समयसम्म संलग्न राखेर विज्ञापनमार्फत कम्पनीहरूको नाफा बढाइन्छ ।

वर्तमान विभाजनकारी राजनीतिले जनतामा राजनीति, सञ्चारमाध्यम र गैरसरकारी संस्थाप्रति अविश्वासको वातावरण सिर्जना गरेको छ । यस्तो अवस्थामा जब कुनै तथाकथित 'महान' वा शक्तिशाली नेताको उदय हुन्छ, जनताले ऊप्रति अत्यधिक भरोसा गर्न थाल्छन् । सबै समस्या तत्काल समाधान गरिदिने जस्तो अन्धविश्वास पैदा हुन्छ ।

तर, विगतका लोकतान्त्रिक सरकारहरूले आफ्ना प्रतिबद्धता पूरा गर्न नसकेकाले पनि जनतामा निराशा र अविश्वास बढेको छ । यस्तो असन्तुष्टि दुई प्रकारले व्यक्त हुन्छ । एक, 'रिजेन्टमेन्ट', यसलाई नेपालीमा आक्रोश, असन्तुष्टि वा द्वेष भन्न सकिन्छ, जसले आफू पछि परेको र अरूले फाइदा उठाएको महसूस गराउँछ। नागरिकले राजनीतिक प्रक्रियामा आफ्नै सहभागिताको अर्थ नदेखेर उदासीन वा निष्क्रिय हुनु हो ।

सफ्ट अधिनायकवाद कुनै सैद्धान्तिक अवधारणा मात्र होइन । पछिल्ला दुई दशकमा विश्वका विभिन्न मुलुकका राजनीतिक घटनाक्रमले यसलाई व्यवहारिक रूपमा पुष्टि गरेका छन् । प्रत्येक देशको इतिहास, संविधान र राजनीतिक परिस्थिति फरक भएपनि लोकतान्त्रिक संस्थाहरूलाई क्रमिक रूपमा कमजोर बनाउने रणनीतिमा धेरै समानता देखिन्छ । यही कारण राजनीतिक वैज्ञानिकहरूले हंगेरी, पोल्यान्ड र टर्कीलाई लोकतान्त्रिक संस्थाको अवस्थाबारे अध्ययन गर्दा महत्त्वपूर्ण उदाहरणका रूपमा लिएका छन् ।

***हंगेरी: अलोकतान्त्रिक लोकतन्त्रको प्रयोगशाला***

सफ्ट अधिनायकवादको चर्चा गर्दा सबैभन्दा पहिले हंगेरीको उदाहरण उल्लेख गरिन्छ । प्रधानमन्त्री भिक्टर ओर्बान सन् २०१० मा दुईतिहाइ संसदीय बहुमतसहित सत्तामा फर्किएपछि संविधान, न्यायपालिका, निर्वाचन

बाँकी पृष्ठ ३मा

# के नेपाल...............

प्रणाली, सञ्चारमाध्यम र सार्वजनिक संस्थाहरूमा व्यापक परिवर्तन गरियो ।

ओर्बानले आफ्नो शासनलाई नै 'इलिबरल डेमोक्रेसी' अर्थात् 'अनुदार लोकतन्त्र' भनेर सार्वजनिक रूपमा व्याख्या गरेका थिए । निर्वाचन जारी रहे पनि राज्यका प्रमुख संस्थाहरूमा कार्यकारी शक्तिको प्रभाव बढ्दै गयो । संवैधानिक अदालतको अधिकार सीमित गरियो, सार्वजनिक प्रसारण संस्थाको संरचना परिवर्तन गरियो र निजी सञ्चारमाध्यममाथि आर्थिक तथा प्रशासनिक दबाब बढाइयो ।

हंगेरीको अर्को चर्चित घटना सेन्ट्रल युरोपियन युनिभर्सिटीलाई देश छोड्न बाध्य बनाइनु हो । हंगेरीमा सेन्ट्रल युरोपियन युनिभर्सिटीलाई देश छोड्न बाध्य बनाइयो र सरकारी विश्वविद्यालयहरुमा 'ट्रस्टी' नियुक्त गरियो । शैक्षिक स्वतन्त्रतालाई संकुचित गर्दै कतिपय विषयमा प्रतिबन्ध लगाई पाठ्यक्रममा समेत नियन्त्रण गरियो । त्यसैले विश्वविद्यालयमाथिको नियन्त्रणलाई लोकतान्त्रिक क्षयीकरणको महत्त्वपूर्ण सूचक मानिन्छ ।

***पोल्यान्ड: न्यायपालिकामाथिको नियन्त्रण***

पोल्यान्डमा ल एण्ड जस्टिस पार्टी सत्तामा आएपछि न्यायपालिका र संवैधानिक अदालतको स्वतन्त्रताबारे युरोपेली संघले पटक-पटक चिन्ता व्यक्त गरेको थियो । न्यायाधीश नियुक्तिको प्रक्रिया परिवर्तन, सर्वोच्च अदालतका न्यायाधीशको अवकाश उमेर घटाउने प्रयास तथा अनुशासनात्मक संयन्त्रमार्फत न्यायपालिकामाथि राजनीतिक प्रभाव बढाउने विषयले अन्तर्राष्ट्रिय बहस जन्मायो ।

राजनीतिक वैज्ञानिकहरूको दृष्टिमा न्यायपालिका लोकतन्त्रको अन्तिम सुरक्षा कवच हो । यदि अदालत स्वतन्त्र रहँदैन भने नागरिक अधिकारको संवैधानिक संरक्षण कमजोर हुन सक्छ । यसैकारण पोल्यान्डको अनुभवलाई लोकतान्त्रिक संस्थाको सन्तुलन कसरी प्रभावित हुन सक्छ भन्ने अध्ययनका रूपमा हेरिन्छ ।

***टर्की: आपतकाल र कार्यकारी शक्तिको विस्तार***

टर्कीमा रेसिप तैयप एर्दोआनको शासनकाल लोकतान्त्रिक संस्थाको रूपान्तरणबारे व्यापक रूपमा अध्ययन गरिएको विषय हो । सन् २०१६ को असफल सैनिक 'कू' पछि घोषित आपतकालमा हजारौँ सरकारी कर्मचारी, शिक्षक, न्यायाधीश, सैनिक तथा पत्रकारलाई बर्खास्त वा पक्राउ गरिएको थियो । सरकारले राष्ट्रिय सुरक्षाको आवश्यकता औँल्याउँदै कठोर कदमहरू चाल्यो भने आलोचकहरूले नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा व्यापक असर परेको तर्क गरे ।

पछिल्लो संवैधानिक संशोधनपछि राष्ट्रपतिको कार्यकारी अधिकार उल्लेखनीय रूपमा विस्तार भयो । यसले शक्ति सन्तुलनको परम्परागत संरचनामा परिवर्तन ल्याएको विश्लेषण विभिन्न अनुसन्धानमा गरिएको छ । टर्कीको अनुभवले राष्ट्रिय सुरक्षा र लोकतान्त्रिक स्वतन्त्रताबिचको सन्तुलन कायम राख्नु लोकतन्त्रका लागि कति संवेदनशील विषय हो भन्ने देखाउँछ ।

हंगेरी, पोल्यान्ड वा टर्की, यी सबै देशका अनुभव एउटै छैनन् । उनीहरूको राजनीतिक इतिहास, संविधान र संस्थागत संरचना फरक छन् । तर एउटा समान पक्ष देखिन्छ- लोकतन्त्रको क्षयीकरण प्रायः अचानक हुँदैन । यो क्रमिक रूपमा हुन्छ । कानुनी प्रक्रिया, प्रशासनिक निर्णय, राजनीतिक भाष्य, सञ्चार रणनीति र संस्थागत नियुक्तिहरूको श्रृङ्खलाबाट लोकतन्त्रको गुणस्तर विस्तारै परिवर्तन हुन सक्छ ।

***नेपाल: लोकतान्त्रिक चुनौती र भविष्यको बाटो***

विश्वका विभिन्न मुलुकका अनुभवले लोकतन्त्रको सबैभन्दा ठूलो शक्ति संविधानमा मात्र नभई संस्थागत संस्कृति, नागरिक चेतना र राजनीतिक नेतृत्वको लोकतान्त्रिक प्रतिबद्धतामा निर्भर रहने देखाएका छन् ।

यही सन्दर्भमा नेपाललाई पनि आत्मसमीक्षा गर्ने अवसर प्राप्त भएको छ । नेपालको राजनीतिक इतिहास लामो संघर्ष, जनआन्दोलन र समावेशी लोकतन्त्रको यात्राबाट निर्माण भएको हो । ००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि ०४६ को जनआन्दोलन, ०६२/०६३ को जनआन्दोलन र ०७२ को संविधानसम्म आइपुग्दा नेपाली समाजले लोकतन्त्रलाई संस्थागत गर्न ठूलो मूल्य चुकाएको छ ।

त्यसैले लोकतन्त्रप्रति कुनै पनि प्रकारको संस्थागत क्षयीकरण वा अधिनायकवादी प्रवृत्तिप्रति समयमै सचेत हुनु आवश्यक छ ।


लोकतन्त्र कुनै स्थिर अवस्था होइन; यो निरन्तर सुदृढीकरणको प्रक्रिया हो । संविधान, निर्वाचन र सरकार लोकतन्त्रका आवश्यक आधार हुन्, तर पर्याप्त आधार होइनन् । लोकतन्त्रको वास्तविक शक्ति स्वतन्त्र न्यायपालिका, निष्पक्ष निर्वाचन, उत्तरदायी शासन, स्वतन्त्र पत्रकारिता, आलोचनात्मक शिक्षा, सक्रिय नागरिक समाज र लोकतान्त्रिक संस्कृतिमा निहित हुन्छ ।

सफ्ट अधिनायकवादको सबैभन्दा ठूलो चुनौती यही हो कि यसले लोकतन्त्रलाई एकैपटक समाप्त गर्दैन । लोकतान्त्रिक संरचना कायम राख्दै तिनको प्रभावकारिता क्रमशः कमजोर बनाइन्छ । त्यसैले लोकतन्त्रको रक्षा गर्ने सबैभन्दा प्रभावकारी उपाय भनेको बलिया संस्था निर्माण गर्नु, विधिको शासनलाई व्यवहारमा लागू गर्नु, राजनीतिक सहिष्णुता विकास गर्नु, नागरिक शिक्षा सुदृढ गर्नु र तथ्यमा आधारित सार्वजनिक बहसलाई प्रोत्साहन गर्नु हो ।

तसर्थ नेपालले लोकतन्त्रका लागि ठूलो संघर्ष गरेको छ । अब त्यस संघर्षको उपलब्धिलाई दीर्घकालीन रूपमा सुरक्षित राख्ने दायित्व सम्पूर्ण समाजको हो । लोकतन्त्र कुनै एक नेता, एक दल वा एक सरकारको परियोजना होइन; यो नागरिक, संस्था र साझा लोकतान्त्रिक मूल्यहरूको निरन्तर अभ्यास हो । लोकतन्त्रलाई जोगाउने सबैभन्दा बलियो आधार सचेत नागरिक, उत्तरदायी नेतृत्व र स्वतन्त्र संस्था नै हुन् ।

अन्ततः सफ्ट अधिनायकवादको चुनौतीलाई समयमै पहिचान गर्नु नै लोकतन्त्र संरक्षणको पहिलो शर्त हो । लोकतन्त्र एक दिनमा समाप्त हुँदैन । त्यसैगरी यसको रक्षा पनि एक दिनको प्रयासबाट सम्भव हुँदैन । स्वतन्त्र संस्था, जिम्मेवार नेतृत्व, सचेत नागरिक, तथ्यमा आधारित सार्वजनिक बहस र विधिको शासनप्रतिको अटुट प्रतिबद्धताले मात्र लोकतन्त्रलाई दीर्घकालीन रूपमा सुरक्षित राख्न सक्छ । यही चेतना आजको विश्व र नेपालको साझा आवश्यकता हो ।

# कस्ता खानेकुराले बिगार्छ कलेजो ?



कलेजो शरीरको सबैभन्दा महत्त्वपूर्ण अंग हो। मस्तिष्कजस्तै संवेदनशील र जटिल अंग हो कलेजो। कलेजोको मुख्य काम शरीरको विषाक्त पदार्थ बाहिर निकाल्नु हो। यसका साथै, यसले पाचन प्रक्रिया र मेटाबोलिज्मलाई सन्तुलनमा राख्छ।

अत्यधिक चिल्लो, जंकफुड, प्रशोधित र चिनीयुक्त खानेकुराहरू, मदिरा, तथा विषादीयुक्त वा सडेगलेका आहारले कलेजो बिगार्ने कलेजो रोग विशेषज्ञ डा. पुकार थापा बताउँछन्।

यस्ता खानेकुराले कलेजोमा बोसो जम्मा गराउने (फ्याटी लिभर) र कलेजोको कोषिकालाई नोक्सान पुर्‍याउने गर्छन्।

***कलेजोलाई नोक्सान गर्ने प्रमुख खानेकुराहरू:***

***जंकफुड तथा फ्याटयुक्त खानेकुरा:*** बर्गर, चाउमिन, पिज्जा र तारेका वा भुटेका खानेकुरा।

***चिनीयुक्त पदार्थ:*** कोल्ड ड्रिंक्स, प्याकेटका जुस, चकलेट र गुलियो मिठाई।

***बढी नुन र प्रशोधित खाना:*** प्याकेटबन्द खाना, चाउचाउ, अचार र इन्स्ट्यान्ट नुडल्स।

मदिरा (रक्सी): नियमित वा अत्यधिक मदिरा सेवन।

***विषादीयुक्त तरकारी/फलफूल:*** रासायनिक मल र कीटनाशक औषधि प्रयोग गरिएका अन्न तथा सागपात।

***रिफाइन गरिएको मैदा:*** सेतो पीठो र त्यसबाट बनेका बेकरी तथा केकका परिकार।

# खाली पेटमा मेथीको पानी किन पिउने ? यस्ता छन् चामत्कारिक फाइदा

काठमाडौँ । तपाईंले प्रायः परिवारका सदस्य र चिकित्सकहरूबाट 'बिहानको सुरुआत सधैँ स्वस्थकर तरिकाले गर्नुपर्छ' भनेर बारम्बार सुन्नुभएकै होला । तपाईं स्वस्थ रहनुहोस् र दिनभर ऊर्जावान् महसुस गर्नुहोस् भनेर यस्तो सुझाव दिइने गरिन्छ ।

धेरै मानिस बिहान खाली पेटमा मनतातो पानी पिउन रुचाउँछन् भने केही चिया र कफी सेवन गर्न मन पराउँछन् ।



तर, अहिलेको व्यस्त जीवनशैलीमा मानिसहरू आफ्नो स्वास्थ्यको ख्याल राख्न बिर्सिरहेका हुन्छन्, जसले गर्दा पेटको समस्या देखापर्नुका साथै तौल बढ्ने गर्छ । तपाईं पनि यस्तै स्वास्थ्य समस्याबाट पीडित हुनुहुन्छ भने हाम्रो भान्सामा पाइने एउटा सानो चिजले पनि यसलाई कम गर्न धेरै मद्दत गर्न सक्छ ।

आयुर्वेदमा मेथीलाई वरदान नै मानिन्छ । आयुर्वेदका अनुसार हरेक बिहान खाली पेटमा मेथीको पानी पिउनाले शरीरका लागि चमत्कारी औषधिको रूपमा काम गर्न सक्छ । यस लेखमा हामी मेथीको पानी सेवन गर्दा हुने फाइदा र यसलाई बनाउने सही तरिकाबारे जानकारी दिनेछौँ ।

***१. पेटका लागि :***

अस्वस्थ खानपानका कारण आजकल ग्यास, कब्जियत र एसिडिटीको समस्या सामान्य बनिसकेको छ । मेथीको पानीमा प्रशस्त मात्रामा फाइबर र पाचन सुधार गर्ने गुण हुन्छ । बिहान खाली पेटमा यसको सेवन गर्दा पेट सफा हुन्छ । यसले खाना छिटो पचाउन मद्दत गर्नुका साथै ग्यास र अपचजस्ता समस्याबाट राहत दिन्छ ।

***२. तौल घटाउन :***

मेथीको पानीले हाम्रो शरीरको मेटाबोलिजमलाई तीव्र पार्छ । यसको सेवनले शरीरको अतिरिक्त बोसो पगाल्न (कम गर्न) मद्दत गर्छ । यो पानी पिउनाले लामो समयसम्म पेट भरिएको महसुस गराउँछ, जसले गर्दा बारम्बार भोक लाग्ने वा खाइरहने बानी हट्छ र तौल नियन्त्रणमा रहन्छ ।

***३. मधुमेहका लागि :***

मेथीको पानी मधुमेह (सुगर) का बिरामीका लागि वरदान सावित हुन सक्छ । आयुर्वेदका अनुसार मेथीको दानाले शरीरमा इन्सुलिनको कार्यलाई सुधार गरी रगतमा चिनीको मात्रा (सुगर लेभल) नियन्त्रण गर्न मद्दत गर्छ । यदि कसैको परिवारमा मधुमेहको इतिहास छ वा कोही यस समस्याबाट पीडित छ भने, उनीहरूले हरेक बिहान खाली पेटमा मेथीको पानी अवश्य पिउनुपर्छ ।

***४. छाला र कपालका लागि :***

सबैजना आफ्नो कपाल स्वस्थ र छाला चम्किलो होस् भन्ने चाहन्छन् । मेथीको पानीमा एन्टिअक्सिडेन्ट र विभिन्न भिटामिन पाइन्छन्, जसले शरीरभित्रको रगत शुद्ध पार्छ । रगत शुद्ध भएपछि अनुहारमा डन्डीफोर (पिम्पल), दाग र चाउरीपना कम हुन थाल्छ । यसबाहेक, यसले कपालको जरालाई बलियो बनाउँछ र कपाल झर्ने समस्याबाट राहत प्रदान गर्छ ।

***५. शरीरको दुखाइ कम गर्न :***

उमेर बढ्दै जाँदा वा शरीर कमजोर हुँदा प्रायः जोर्नी दुख्ने र थकान महसुस हुने गर्छ । मेथीको तासीर (स्वभाव) केही न्यानो (उष्ण) हुनुका साथै यसमा एन्टी-इन्फ्लेमेटरी गुण हुन्छ, जसले सुन्निएको र जोर्नीको दुखाइ कम गर्न मद्दत गर्छ ।

***कसरी बनाउने मेथीको पानी ?***

- सुत्नुअघि एक गिलास पानीमा एक चम्चा मेथीको दाना भिजाउनुहोस् ।
- बिहान छान्नीले पानीलाई छानेर खाली पेटमा बिस्तारै पिउनुहोस् । तपाईं उक्त भिजेको मेथीको दाना चपाएर पनि खान सक्नुहुन्छ ।

*(अस्वीकरण: यो सामग्री सामान्य जानकारीका लागि विभिन्न अनलाइन स्रोतहरूको सहयोगमा तयार पारिएको हो ।)*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# वीरगञ्जमा उपभोक्ता अदालतको माग

दैनिक समाचारदाता

पर्सा, १ भदौ । मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेलले वीरगञ्जमा उपभोक्ता अदालत स्थापना गर्नुपर्ने बताउनुभएको छ।



उपभोक्ता हित संरक्षण मञ्च नेपालले वीरगञ्जमा आयोजना गरेको 'उपभोक्ता अदालत स्थापना तथा सञ्चालन र नसर्ने रोग रोकथाम' विषयक सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री पटेलले उपभोक्ता अधिकारको प्रभावकारी संरक्षणका लागि उपभोक्ता अदालत आवश्यक रहेको बताउनुभयो।

वीरगञ्जमा उपभोक्ता अदालत स्थापना गर्न मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिका पूरा गर्न आफू तयार रहेको उहाँले बताउनुभयो। उपभोक्ता अदालतको आवश्यकता र महत्वबारे बुझ्दै जाँदा यो अत्यन्त महत्वपूर्ण संयन्त्र रहेको आफूले महसुस गरेको उहाँको भनाइ थियो।

संघीय सरकारले गरेको निर्णयअनुसार प्रदेश सरकारले उपभोक्ता हित संरक्षणसम्बन्धी कानुन निर्माणका लागि आफूले पहल सुरु गर्ने प्रतिबद्धतासमेत मन्त्री पटेलले व्यक्त गर्नुभयो।

स्थापना हुने उपभोक्ता अदालतले स्थानीय उत्पादनबाट ठगिएका उपभोक्तालाई क्षतिपूर्ति दिलाउन सहयोग पुग्ने भए पनि आयातित वस्तुको गुणस्तर र नियमन कसरी गर्ने भन्ने विषयमा पनि गम्भीरतापूर्वक सोच्नुपर्ने उहाँले बताउनुभयो।

मन्त्री पटेलले दैनिक उपभोग्य वस्तु तथा बदलिँदो जीवनशैलीका कारण नसर्ने रोगको समस्या बढ्दै गएको उल्लेख गर्दै समाजको चेतनास्तर थप सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो। नागरिकलाई राजनीतिक, आर्थिक तथा सामाजिक रूपमा सचेत बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो।

उहाँले चुनावका बेला राजनीतिक दलहरूले विभिन्न एजेन्डा र प्रतिबद्धता लिएर जनतासमक्ष जाने तर ती प्रतिबद्धता पूरा नगर्ने प्रवृत्तिबारे पनि प्रश्न उठाउनुभयो। जनतासँग गरिएका प्रतिबद्धता पूरा नभएमा त्यसको जवाफदेहिता र कारबाहीका विषयमा समेत सोच्नुपर्ने बेला आएको उहाँले बताउनुभयो।

पत्रकारिता पछिल्लो समय राजनीतिक विषयवस्तुमा बढी केन्द्रित भएको उल्लेख गर्दै मन्त्री पटेलले शिक्षा, कृषि, स्वास्थ्यलगायत जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रका सूचना प्रवाह गरी नागरिकलाई सुसूचित बनाउन सञ्चारमाध्यम अग्रसर हुनुपर्ने धारणा राख्नुभयो।

मानिसहरूमा पुँजीवादी जीवनशैली अपनाउने होड बढ्दै गएको र अरूलाई देखाउनकै लागि स्थानीय उत्पादनभन्दा आयातित वस्तुको प्रयोग गर्ने प्रवृत्ति बढिरहेको उहाँले बताउनुभयो। स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षदेखि उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्ने पनि उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय अध्यक्ष ज्योति बाँनियाले उपभोक्ता अदालत स्थापना तथा सञ्चालनसम्बन्धी प्रस्तुति दिनुभएको थियो। उहाँले उपभोक्ता अदालतको आवश्यकता, उपभोक्ताको वर्तमान अवस्था, उपभोक्ता अधिकार तथा सचेतनाका विषयमा चर्चा गर्नुभएको थियो।

त्यस्तै, जनस्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत धनी सिंहले नसर्ने रोगका कारण, अवस्था तथा तुलनात्मक तथ्याङ्कसहित कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

जिल्ला अदालत पर्साका मुख्य न्यायाधीश महेन्द्रप्रसाद पोखरेलले हरेक उपभोक्ताले स्वच्छ, सफा तथा गुणस्तरीय वस्तु उपभोग गर्न पाउनुपर्ने बताउनुभयो। उपभोक्ता अधिकारको संरक्षण र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता अदालत महत्वपूर्ण हुने उहाँको धारणा थियो।

कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णजंग थापाले ठगिएका उपभोक्तालाई क्षतिपूर्ति दिलाउन उपभोक्ता अदालत आवश्यक रहेको औंल्याउनुभयो।

पर्सा बार एसोसिएसनकी सचिव प्रतिमा चौरसिया, वरिष्ठ अधिवक्ता रामेश्वर सेढाई, प्राध्यापक हरेराम ठाकुरलगायतले पनि उपभोक्ता अदालतको आवश्यकता र प्रभावकारी सञ्चालनका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो।

## युक्रेनमा रुसको आक्रमण ३ जनाको मृत्यु

एजेन्सी

किभ १ भदौ । रुसले युक्रेनका विभिन्न क्षेत्रमा गरेको पछिल्लो हवाई आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने १० जनाभन्दा बढी घाइते भएका छन् । रुसी क्षेप्यास्त्र र ड्रोन आक्रमणपछि राजधानी किभसहित विभिन्न क्षेत्रमा क्षति पुगेको युक्रेनी अधिकारीहरूले बताएका छन् ।

किभमा रातभर भएको आक्रमणका क्रममा एउटा पुस्तक बजारमा पनि आगलागी भएको छ । रुसी क्षेप्यास्त्र र ड्रोनबाट भएको आक्रमणपछि अग्नि नियन्त्रकहरूले आगो नियन्त्रणमा लिने प्रयास गरेका थिए ।

युक्रेनले तीन वटा रुसी क्षेप्यास्त्र र करिब १०० ड्रोन खसालेको दाबी गरेको छ । किभका मेयर भिताली क्लित्स्कोका अनुसार शनिबार रातिदेखि राजधानीमा चार पटक हवाई आक्रमणको चेतावनी दिइएको थियो । आक्रमणमा एक बालबालिकासहित कम्तीमा ६ जना घाइते भएका छन् ।

दक्षिणी सहर जापोरिज्जियामा भने रुसी निर्देशित हवाई बमले एउटा घर ध्वस्त पार्दा दुई जनाको मृत्यु भएको क्षेत्रीय प्रमुख इभान फेदोरोभले बताएका छन् । त्यस्तै, डिनिप्रोपेत्रोभ्स्क क्षेत्रमा भएको आक्रमणमा एक जनाको मृत्यु र १४ जना घाइते भएको अधिकारीहरूले बताएका छन् ।

# पत्रकार किशोर श्रेष्ठलाई रिहा गर्न सर्वोच्चको आदेश



दैनिक समाचारदाता

काठमाडौं, १ भदौ । पत्रकार किशोर श्रेष्ठलाई रिहा गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ ।

उनकी पत्नी सरस्वती श्रेष्ठले सर्वोच्चमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै रिहा गर्न परमादेश जारी गरिएको हो । सर्वोच्चले उनलाई हाजिरी जमानीमा छाडी वा तारिखमा राखेर अनुसन्धान गर्न भनेको हो ।

न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले उनलाई रिहा गर्न आदेश दिएको हो ।

जनआस्था अनलाइनमा छापिएको एक समाचार र तस्वीरका कारण वैयक्तिक गोपनीयताको हक हनन भएको भन्दै प्रहरीले उनलाई गत साउन २७ गते पक्राउ गरेको थियो ।

त्यसयता उनलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको थियो ।

श्रेष्ठले समाचारमा राखेको उक्त तस्वीर जाहेरवाला आफैंले सामाजिक सञ्जालमा प्रविष्ट गरेको देखिएको र उक्त तथ्यलाई विपक्षीले खण्डन नगर्न नसकेको आदेशमा उल्लेख गरिएको छ ।

# मानव बेचबिखनको नयाँ चुनौती



दैनिक समाचारदाता

काठमाडौँ १ भदौ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सचेतक प्रकाशचन्द्र परियारले नेपालबाट हुने मानव बेचबिखनका घटना रोकिनुको साटो यसको स्वरूप झन् विस्तार हुँदै गएको भन्दै सरकारको गम्भीर ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा बोल्दै उहाँले मानव बेचबिखनजस्तो अमानवीय तथा राष्ट्रिय लज्जाको विषयलाई सरकारले तत्काल सम्बोधन गर्नुपर्ने बताउनुभयो। विभिन्न प्रतिवेदनअनुसार प्रत्येक वर्ष १५ हजारभन्दा बढी नेपाली महिला, बालबालिका तथा युवा बेचबिखन र आधुनिक दासताका शिकार भइरहेको उल्लेख गर्दै उहाँले यस विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो।

सचेतक परियारले भन्नुभयो, "हिजोसम्म भारतका कोठीमा सीमित यो अपराध आज वैदेशिक रोजगारी, अध्ययन भिसा र सामाजिक सञ्जालको दुरुपयोग हुँदै खाडी, अफ्रिका र एसियाका साइबर स्क्याम सेन्टरसम्म फैलिएको छ। अपराधको बदलिँदो स्वरूप हाम्रो सुरक्षा प्रणालीका लागि ठूलो चुनौती बनेको छ।"

गरिबी, बेरोजगारी, आवश्यक सूचनाको अभाव, खुला सिमाना, फितलो अनुगमन तथा दलालहरूको बदलिँदो शैलीका कारण मानव बेचबिखन नियन्त्रण हुन नसकेको उहाँले बताउनुभयो। पहुँच र प्रभावका आधारमा अपराधीलाई संरक्षण दिने प्रवृत्तिले समेत समस्या जटिल बन्दै गएको उहाँको भनाइ थियो।

उहाँले मानव बेचबिखन नियन्त्रणका लागि सीमा क्षेत्रमा निगरानी कडा बनाउनुपर्ने, पीडितलाई शीघ्र न्याय र क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने तथा दलाल र संलग्न व्यक्तिमाथि प्रभावकारी कानुनी कारबाही गर्नुपर्ने बताउनुभयो।

त्यस्तै, सम्बन्धित मुलुकसँग कूटनीतिक पहल तथा श्रम गन्तव्य राष्ट्रसँग आवश्यक सम्झौता गरी उद्धार संयन्त्रलाई थप प्रभावकारी बनाउनुपर्ने उहाँको सुझाव थियो।

स्वदेशमै मर्यादित रोजगारीका अवसर सिर्जना गर्नुका साथै उद्धार गरिएका पीडितको दीर्घकालीन पुन:स्थापनामा राज्यले विशेष ध्यान दिनुपर्ने उल्लेख गर्दै सचेतक परियारले यस्ता उपाय मानव बेचबिखन नियन्त्रणका लागि दिगो समाधान हुन सक्ने बताउनुभयो।

## बिमाबाट..........

सामाजिक सेवा इकाइ प्रमुख झाले प्रयोगशालाअन्तर्गत ओपीडी तथा आकस्मिक प्रयोगशाला तथा रेडियोलोजीअन्तर्गत एक्स-रे, सिटी स्क्यान, अल्ट्रासाउन्ड र ईसीजी सेवा उपलब्ध रहेको जानकारी दिनुभयो।

अस्पतालमा २० शय्याको आकस्मिक कक्ष, १२ शय्याको एचडीयु, चार शय्याको एसएनसियु तथा विभिन्न वार्डसहित कुल १२८ शय्याबाट सेवा प्रदान हुँदै आएको छ। मेडिकल वार्डमा २४ शय्या, जेरियाट्रिकसहित बालरोग वार्डमा १३ शय्या, स्त्री तथा प्रसूति वार्डमा १३ शय्या, सर्जिकल वार्डमा १२ शय्या तथा ओटी पोस्टअप वार्डमा १० शय्या सञ्चालनमा रहेको उहाँले बताउनुभयो।

उक्त आर्थिक वर्षमा अस्पतालबाट एक हजार ७३४ जनाले सामान्य प्रसूति तथा ६९९ जनाले शल्यक्रियामार्फत प्रसूति सेवा लिएका छन्। यसैगरी, पोषण पुनर्स्थापना केन्द्रबाट १८७ जना तथा डायलाइसिस सेवाबाट ७७ जना बिरामीलाई गरी चार हजार ३४३ पटक सेवा प्रदान गरिएको अस्पतालले जनाएको छ।

अस्पतालको तथ्याङ्कअनुसार एचडीयुबाट पुसदेखि असारसम्म ५६१ जना, एसएनसियुबाट १६९ जना, सामाजिक सेवा इकाइबाट दुई हजार ८३३ जना तथा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट ५०० जनाले सेवा लिएका छन्। परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवाबाट दुई हजार ६३७ जनाले सेवा पाएका छन्।

त्यसैगरी, अस्पतालको प्रयोगशालाबाट ४२ हजार ७९८, एक्स-रे सेवाबाट २४ हजार १३०, अल्ट्रासाउन्डबाट १५ हजार ७३८ तथा सिटी स्क्यानबाट दुई हजार ६५९ पटक सेवा प्रदान गरिएको छ। एआरटी केन्द्रबाट १६९ जनाले सेवा लिएका छन्।

अस्पताल प्रशासनका अनुसार स्वास्थ्य बिमा, सामाजिक सेवा तथा अन्य सहुलियतपूर्ण कार्यक्रमलाई प्रभावकारी बनाउँदै सर्वसाधारणको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउने प्रयास भइरहेको छ। स्वास्थ्य बिमा कार्यक्रमको उपयोग बढ्दै जाँदा उपचार खर्चका कारण स्वास्थ्य सेवा लिनबाट वञ्चित हुने अवस्था कम गर्न सहयोग पुगेको अस्पतालले जनाएको छ।

## रिफाइनरीविरुद्ध....

सार्वजनिक भएको थियो। कम्पनीको आन्तरिक सप्लायर लेजरमा 'रोशन भुसा खरिद बिक्री केन्द्र'को नाममा ४९ लाख ४९ हजार ८८३ रुपैयाँ ५० पैसा बक्यौता रहेको उल्लेख गरिएको जनाइएको छ।


भुस आपूर्तिकर्ताका अनुसार रिफाइनरीकै आग्रहमा स्थानीय किसानबाट भुस खरिद गरी उद्योगमा आपूर्ति गरिएको थियो। कारोबारको सुरुआती चरणमा नियमित रूपमा भुक्तानी भए पनि कारोबारको मात्रा बढ्दै गएपछि रकम भुक्तानी हुन छाडेको उनीहरूको आरोप छ।

बक्यौता रकम भुक्तानीका लागि पटकपटक ताकेता गर्दा पनि रकम नदिइएको तथा उद्योग परिसरमा प्रवेशसमेत रोक लगाइएको आपूर्तिकर्ताको दाबी छ।

मुद्दा दर्ता भएसँगै प्रहरीले पक्राउ पुर्जी जारी भएका चारैजनालाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गर्ने तयारी गरेको छ। पक्राउ पुर्जी जारी भएका मुन्नाकुमार सिंह (राकेश) ढल्केवर उद्योग वाणिज्य संघका अध्यक्षसमेत हुन्।

प्रहरीले उनीहरूलाई पक्राउ गरेपछि भुस खरिद, आपूर्ति, भुक्तानी रोकिएको कारण तथा बक्यौता रकमसम्बन्धी विषयमा विस्तृत अनुसन्धान गर्ने जनाएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४